# आर्थिक वर्ष २०७९/८० को
# नीति, बजेट तथा कार्यक्रम

**बसबरिया गाउँ कार्यपालिका**

**भवानीपुर, सर्लाही**

**प्रदेश नं. २**

**२०७४**

**श्रद्धेय अध्यक्ष महोदय,**

यस शुभअवसरमा सर्वप्रथम बसबरिया गाउँ पालिकाको गरिमामय दोश्रो गाउँ सभा को पहिलो अधिबेशन मा उपस्थित गाउँपालिका अध्यक्ष ज्यू, प्रमुख प्रशासकिय अधिकृत ज्यू, वडा अध्यक्ष तथा गाउँ कार्यपालिकाका सदस्य ज्यूहरु, गाउँ सभाका सम्पूर्ण सदस्यमित्रहरु, कर्मचारी वर्गहरु र पहिलो अधिबेशनलाई भव्य र सभ्य रुपमा सम्पन्न गर्नको लागि हाम्रो निमन्त्रणालाई स्वीकार गरी उपस्थित हुनुभएका सम्पुर्ण जनताहरुमा म मेरो व्यक्तिगत तर्फबाट र गाउँ पालिकाको तर्फबाट हार्दिक आभार प्रकट गर्दै स्वागत गर्न चाहन्छु ।अहिले हामी संघिय र प्रदेश सरकारले आ.व. ०७९/८० को लागि आ –आफ्नो निति, बजेट तथा कार्यक्रम पेश गरिसकेको स्थानिय सरकारको हैसियतमा ऐतिहासिक दोश्रो गाउँसभाको पहिलो अधिबेशन आ.व.०७९/८० को निति, बजेट तथा कार्यक्रम पेश गर्ने संघारमा छौ । सिमित बजेटमा रही असिमित इच्छा आकांक्षलाई सम्बोधन गर्न निश्चय पनि चुनौति पूर्ण छ । तर राज्यले लिएको समृद्ध नेपाल सुखि नेपालीको नारालाई आत्मसाथ गर्दै अवसरको रुपमा अगाडी बढनुको विकल्प छैन । संविधान प्रदत्त हक अधिकार सहित गठित यस बसबरिया गाउँपालिकाको बजेट तथा कार्यक्रम समितिको सदस्यको हैसियतले यस गरिमामय सभामा आर्थिक वर्ष ०७ ९।८० को वार्षिक नीति तथा कार्यक्रम तथा बजेट पेश गर्न प्रस्तुत भएकोछु । यस गौरवपूर्ण अवसरमा सर्वप्रथम नेपाली नागरिकहरुको स्वतन्त्रता तथा अमनचैन प्राप्तिका लागि विभिन्न कालखण्डमा आफ्नो प्राण आहुति गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर सहिदहरु प्रति भावपुर्ण श्रद्धान्जली अर्पण गर्दछु साथै घाइते र वेपत्ता नागरिकप्रति सम्मान प्रकट गर्दछु ।

प्रथम स्थानीय तह निर्वाचन पछि निर्वाचित जनप्रतिनिधिहरुले ५ बर्षसम्मको कार्यकालमा गरेका विकास कार्यपश्चात पनि यस गाउँपालिकाका विविध समस्या , चुनौति र अवसरहरु छन , साथै विकास भनेको सधै चलिरहने क्रमागत प्रक्रिया हो भन्ने हामीलाई लागेको छ । यसका बावजुद पनि यस क्षेत्रको विकास कसरी गर्न सकिन्छ , त्यस तर्फ हाम्रो समुह प्रतिबद्धताका साथ लागीपर्ने नै छ । दोश्रो पटक भएको स्थानीय तहको निर्वाचनबाट निर्वाचित हामी जनप्रतिनिधिहरुको यस सभामा बसबरिया वासीको इच्छा र आवश्यकता लाई सम्वोधन गर्ने दृढ संकल्पका साथ आ.व. ०७९/८० को बार्षिक नीति तथा कार्यक्रम यस सम्मानित सभा मार्फत् समग्र बसबरिया गाउँपालिका का नागरिकहरु समक्ष राख्न पाउँदा मैले आफूलाई गौरवान्वीत महशुस गरेको छु । यस अवसरमा हाम्रो कदमलाई सहयोग गर्नुहुने सम्पूर्ण गाउँपालिका बासीहरु, निर्वाचित पदाधिकारीहरु, विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु, नागरिक समाजका अभियन्ताहरु, शिक्षक, सम्पुर्ण कर्मचारी वर्ग, पत्रकार, तथा समाजसेवीहरुप्रति आभार व्यक्त गर्दछु ।

**श्रद्धेय अध्यक्ष महोदय,**

अव म चालु आ.व. २०७८/०७९ को वार्षिक कायक्रमको समिक्षा गर्न अनुमति चाहन्छु ।

चालु आ.व.को लागि यस सम्मानित सभाले कुल विनियोजित रु ४० करोड ६१ लाख ७२ हजार ४२४ रुपैया मध्ये चालु तर्फ रु १९ करोड ८६ लाख ७३ हजार ४२४ रुपैया (सशर्त अनुदान समेत) र पुजिगत तर्फ २० करोड ७४

लाख ९९ हजार विनियोजन भएको थियो । उक्त विनियोजित रकम मध्ये हाल सम्मको अवस्थामा चालु तर्फ रु. ११ करोड ७ लाख ८० र पुजिगत तर्फ रु ९ करोड ७२ लाख ७२ हजार ५५४ खर्च भएको छ तथा यसको आधारमा यस बर्षको अन्त्य सम्म कुल बजेटको ५०% सम्म खर्च हुन सक्ने अनुमान गरेको छु । साथै गत बिगतमा सम्झौता भएका योजनाहरुको अनुमानित रु ३ करोड बाकि भुक्तानी आगामी आ.व. २०७९/८० भुक्तानी गरिनेछ ।

आदरणीय यस सभाका सदस्य ज्यूहरु अब म यस बसबरिया गाउँपालिकाको आ .ब.२०७९/८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।

**आ.ब. २०७९/८० का लागि समृद्धि एवं प्रगतिका खातिर देहाय बमोजिमका नीति तथा कार्यक्रम तयार गरेको छु । यिनै नीतिको सम्बोधन एवं कार्यक्रमको कार्यान्वयन हुने गरी संधीय सरकारबाट विनियोजित वित्तीय समानीकरण तर्फ १० करोड १० लाख, राजश्व बाँडफाँड तर्फ ७ करोड ३४ लाख ५७ हजार, सशर्त अनुदान तर्फ १० करोड ६९ लाख, समपुरक तर्फ १ करोड १० लाख, सशर्त अनुदान पुजीगत तर्फ २ करोड ११ लाख, बिशेष अनुदान पुजीगत १ करोड ५० लाख,प्रदेश सरकार बाट सशर्त अनुदान ८० लाख, बिशेष अनुदान ३० लाख समपुरक अनुदान २० लाख तथा प्रदेश समानीकरण ६७ लाख ८३ हजार र प्रदेश राजश्व बाडफाड बाट रु. ६ लाख अनुमानित, आन्तरिक श्रोत बाट रु. २४ लाख ७ हजार ३०१ आ.व. २०७८/७९ को आल्या रु ५० लाख बरहथवा मालपोतबाट बाडफाड रु २८ लाख आम्दानी हुने गरि जम्मा रु ३५ करोड १० लाख ४७ हजार ३०१ परिधि भित्र रही आ .व. २०७९/८० को आय व्यय बिबरण तर्जुमा गरिनेछ ।**

**श्रद्धेय अध्यक्ष महोदय,**

**आदरणीय गाउँ सभाका सदस्य महोदय,**

दिगो विकास लक्ष्य, नेपालको संविधानको परिकल्पना, नेपालले अन्तर्राष्ट्रिय जगतमा गरेको प्रतिबद्धता, पन्ध्रौ पञ्चवर्षीय योजना, प्रदेश योजना एवं गाउँपालिकाको एकीकृत विकास लक्ष्यलाई प्राप्त गर्न आगामी वर्षको नीति तथा कार्यक्रम पेश गर्न चाहान्छु ।

**सोच**

समृद्ध बसबरियाको आधार, कृषि, जनशक्ति र पुर्वाधार ।

**लक्ष्य**

पुर्वाधार विकास, व्यवसायिक कृषि र उद्यमशिलताको माध्ययमबाट समृद्ध समाजको निर्माण गर्ने ।

## उद्देश्य

- प्रत्येक वडा अन्तर्गत टोल टोल बिच बाह्रै महिना नै सहज ढंगले यातायात सञ्चालन हुने उचित व्यवस्था मिलाउने ।
- आधुनिक कृषि प्रणालीको विकास गरी कृषि सेवा केन्द्रको स्थापना , कृषि उतपादनको बजारिकरण तथा विस्तारिकरण मार्फत गरिवी न्यूनीकरणमा जोड दिने ।
- गुणात्मक शिक्षाको माध्यमबाट सुशिक्षित समाज निर्माणमा जोड दिने ।
- स्वास्थ्य समस्यालाई निराकरण गर्दै स्वास्थ्य सेवालाई सबै नागरिकको पहुच योग्य र सर्वसुलभ बनाउने ।
- सिपमुलक तालिम र ज्ञानको माध्यमबाट दक्ष जनशक्ति निर्माण गरी रोजगारीका अवसरहरु सिर्जन गर्ने ।
- सेवा प्रवाहलाई स्वचालित प्रणालीमा आवद्ध गरी सुशासन प्रवद्धनमा टेवा पुर्याउने ।

## पूर्वाधार विकास तर्फ

- गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि जग्गा व्यवस्थापन गरी निर्माणको पहल गरिनेछ।
- मूल सडकका साथै वडा केन्द्र जोड्ने सडक बाह्रै महिना सहज सञ्चालनमा आउने ।
- बसबरियामा १५ शैयाको नगरस्तरीय अस्पताल निर्माणको प्रक्रियालाई अगाडी बढाइनेछ ।
- बसबरिया बजारका प्रमुख चोक सुधार, पोल व्यवस्थापन, तार, सडक नाली व्यवस्थापनको कामलाई अगाडि बढाइनेछ ।
- सार्वजनिक सम्पत्तिको अभिलेखांकन गरि तिनको सुरक्षा र उत्पादनमुलक क्षेत्रमा प्रयोग गरिनेछ ।
- आगामी आ.व. देखि गाउँपालिका भित्र नयाँ वन्ने सवै घर तथा संरचनाहरु निर्माणमा नक्सा पासलाई अनिवार्य गरिनेछ ।

## स्वास्थ्य तर्फ

- पालिकाबाट एक वटा निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराई आबश्यक बजेट बिनियोजन गरेको छु ।
- प्रत्येक नागरिकले आधारभूत स्वास्थ्य सेवा प्राप्त गरिनेछ ।
- सम्पुण नागरिकलाई अनिबार्य कोरोना खोपको व्यवस्था गरिनेछ ।
- सरसफाई सम्बन्धी जनचेतना जगाउने कार्यक्रम संचालन गरिने छ ।
- आइसियु, भेन्टिलेटर, प्रयोगशाला, एक्सरे र सामान्य सर्जरी सुविधा सहितको ५ देखि १५ वेडको जनरल अस्पतालको निर्माण एवं सञ्चालन गर्ने प्रक्रियालाई अगाडी बढाइनेछ ।

- आधारभूत स्वास्थ्य (खोप, पोषण, परिवार नियोजन, प्रजनन स्वास्थ्य, वालस्वास्थ्य, सरुवा रोग, नसर्ने रोग, विकलांगता, मानसिक रोग, जेष्ठनागरिक सेवा, सामान्य आकस्मिक सेवा, स्वास्थ्य प्रवर्द्धन, आयुर्वेद सेवा) प्रदान गर्ने व्यवस्था मिलाउने छ ।
- शून्य होम डेलिभरी सेवा सुनिश्चित गरिनेछ ।
- औषधि व्यवस्थापनको उचित व्यबस्था गरिनेछ ।
- आकस्मिक सेवा २४ घण्टा उपलब्ध हुने सुनिश्चित गरिनेछ ।

**आर्थिक विकास**

- कृषिमा यान्त्रिकीकरण व्यवसायीकरण र बजारीकरणका माध्यमबाट कृषिलाई प्रवद्र्धन र विकास गरिनेछ । यस वर्ष मकै, धान, माछा पालन लगायतको कार्यक्रमलाई विशेष रुपमा अगाडि बढाइनेछ ।
- कृषि प्रसार र प्रवद्र्धनात्मक कार्यक्रम अगाडि बढाइनेछ । पशु विकास कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ ।
- एक वडा तीन उत्पादन नीतिमा आधारित प्रत्येक वडामा एक उत्पादनलाई प्रमुख कृषि जोनको रुपमा विकास गरिनेछ ।
- युवा, रोजगार र महिला उद्यम विकास सम्बद्र्धन रणनैतिक आयोजनाको परिमार्जन गर्दै उद्यम विकास रणनीति तर्जुमा गरिनेछ
- सहकारीलाई उत्पादन, रोजगारी र बजारीकरणमा जोड दिइनेछ । सहकारीमा कार्यरत जनशक्तिलाई न्यूनतम पारिश्रमिक उपलब्ध गराउने प्रवन्ध गरिनेछ ।
- सहकारी शिक्षालाई प्रवद्र्धन, एक सहकारी एक उत्पादनको नीतिलाई अगाडि बढाउनेछ।

**शिक्षा विकास**

- मानवको सर्वाङ्गीण विकासको आधार शिक्षा नै हो । गुणस्तरीय शिक्षामार्फत सिर्जनशिल दक्ष प्रतिस्पर्धी उत्पादनशिल र नवप्रवद्र्धनका हिसावले विकास गर्ने राष्ट्रको लक्ष्य अनुरुप साझा अधिकारको सूचीमा रहेको शिक्षालाई जीवन पद्धतिमा उतार्ने नीति लिइनेछ ।
- कृषि क्याम्पस स्थापना गर्न विशेष पहल गरिनेछ । प्राविधिक धार सञ्चालित विद्यालयहरुलाई विशेष प्राथमिकताका दिइनेछ ।
- स्थानीय सरकारको कार्य जिम्मेवारीमा रहेको माध्यामिक तहको शिक्षालाई गुणस्तरीय जीवन उपयोगी र प्रविधि मैत्री बनाइनेछ ।
- नमूना विद्यालय व्यवस्थापनमा जोड दिदै सबै विद्यालयमा बगैचा स्थापना गरी हरित विद्यालयको अवधारणामा जोड दिइनेछ ।

- गाउँपालिकाका १६ सामुदायिक विद्यालयका शिक्षक तथा विद्यार्थीहरुमा सूचना प्रविधिको प्रयोग गरी ज्ञान , सीप र पहुँच अभिबृद्धि गरिनेछ ।
- सामुदायिक विद्यालयको गुणस्तर सुधारमा विशेष ध्यान दिइनेछ ।
- प्राथमिक, आधारभूत र माध्यामिक विद्यालयको सूचाङ्कका आधारमा मूल्याङ्कन गरी उच्चतम अङ्क ल्याउने १/१ वटा विद्यालयलाई पुरस्कृत गरिनेछ ।
- सबै बालबालिका विद्यालयमा भर्ना गरिनेछ ।
- बालबालिकाको उपस्थिति दर वृद्धि गर्दै सिकाइ स्तर सुधार हुने ।
- बालविकास केन्द्रलाई व्यवस्थित गरिनेछ । नेपाल सरकारले घोषणा गरेको बाल विकास सहजकर्ता, बिद्यालय कर्मचारी, बिद्यालय सहयोगीको न्यूनतम पारिश्रमिक सम्बन्धी नीतिलाई कार्यान्वयनमा ल्याइनेछ ।
- सबै बिद्यालयमा इलेक्ट्रोनिक हाजिरिको व्यवस्था गरिनेछ ।
- लोकसेवा/शिक्षक सेवा तयारी कक्षा संकलन गर्न जोड दिइनेछ ।

**युवा तथा खेलकुद**

- स्वास्थ्य, सकरात्मक सोंच, उद्यमशिल, सिर्जनशिल अधिकारप्रति सचेत र कर्तव्यप्रति प्रतिबद्ध युवा शक्तिको विकासमा परिचालन गर्न राष्ट्रिय लाभलाई सार्थक हुने गरी नीति र कार्यक्रम लागू गरिनेछ ।
- युवा स्वरोजगार युवा व्यवसायीलाई प्रोत्साहन गरिनेछ ।
- दुव्र्यसनी र कुलतबाट मुक्त गर्न नेपाल प्रहरी र स्थानीय संघ संस्थाको साझेदारीमा कार्यक्रम परिचालन गरिनेछ ।
- बसबरिया कप सञ्चालन गरिनेछ । खेलकुद मैदानहरुको पूर्वाधार , कर्भडहलको निर्माणको लागि आबश्यक पहल गरिनेछ ।
- गाउँ खेलकुद विकास समिति स्थापना गरी क्रियाशिल बनाइनेछ । खेलकुद शिक्षकको व्यवस्थापन गरिनेछ ।
- फुटबल, भलिवल, क्रिकेटलगायत खेलकुदका अन्य विधालाई प्रोत्साहन र परिचालन गरिनेछ ।
- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, गाउँ स्तरीय तथा वडा स्तरीय खेलकुद प्रतियोगितालाई प्रभावकारी बनाइने छ ।
- नेपाल स्काउटलाई प्रभावकारी रुपमा विद्यालयसँग आवद्ध गरी सञ्चालन गरिनेछ ।

**सामाजिक विकास**

- पछाडी पारिएको क्षेत्र र समुदायलाई राज्यको मूलप्रवाहिकरण गर्ने लक्ष्य र समानुपातिक समावेशी अवधारणालाई केन्द्र भागमा राखेर विशेष कार्यक्रम सञ्चालित गरिनेछ ।

- लामो समयदेखि सामाजिक उत्पीडनमा परेका दलित उत्पीडित क्षेत्रलाई विशेष प्राथमिकता दिई रोजगार, सीप, सम्मानयुक्त जीवन यापन गर्ने वातावरण सिर्जना गर्दै पहुँच र प्रतिनिधित्व स्थापना गर्ने लक्ष्य लिइएको छ ।
- जेष्ठ नागरिकको सम्मान तथा विश्राम केन्द्रलाई ब्यबस्थापन गर्न पहल गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिको पहिचान गरी दोभाषे एवं सहायता सामग्री प्रदान गरिनेछ ।
- गाउँ क्षेत्रका गरीब विपन्न घर परिवारका खरका छानो हटाई टिनको छानोमा ल्याउने कार्य सम्पन्न गरिनेछ।
- बाटो तथा सार्वजनिक स्थलमा कुनै पनि अबरोधका सामान जस्तै पराल, गोबर, अन्न बालि, टायर गाडा, गाडी पार्किंग, निर्माण सामग्री इत्यादी राख्न पाइने छैन ।
- जनता आवास कार्यक्रमबाट विपन्नका घर निर्माणमा विशेष जोड दिइनेछ ।
- कुलतमा लागेका युवाहरुलाई सुधार गर्न बिबिध कार्यकर्म गरि सुधार गरिनेछ साथै जाड रक्सि खाएर हो-हल्ला गर्ने लाई कानुन बमोजिम सजाय दिन सम्वन्धित निकाय सित समन्वय गरिनेछ ।

**पर्यटन, वन वातावरण तथा विपद व्यवस्थापन**

- सार्वजनिक तथा ऐलानी जग्गाहरुमा वृक्षारोपण गरी वातावरणीय स्वच्छता कायम गरिनेछ ।
- विपद व्यवस्थापनको तयारीको लागि आवश्यक सामाग्री तथा उपकरणको सहज उपलब्ध गरिनेछ ।
- बाढी, पहिरो, चटयाङ, हावाहुरी, आगलागी, खडेरी, अतिवृष्टि, अनावृष्टि र भूकम्प जस्ता कारणहरुको आंकलन गर्ने र यिनीहरुबाट हुने नकारात्मक प्रभावलाई न्यूनिकरण गर्न विपद व्यवस्थापनमा संघ र प्रदेश सरकारको समन्वयमामा स्थानीय जनतासँग सहकार्य गरी गाउँपालिका स्तरको विपद व्यवस्थापन तथा प्रतिकार्य योजना बनाइनेछ । साथै विपदबाट भएको धनजनको क्षतिलाई मध्य नजगर गर्दै केहि राहत रकम उपलब्ध गराइने छ ।
- गाउँ सरसफाईको अभियानलाई स्वच्छ, सफा, हरियाली नगर विकासका लागि जोड दिइनेछ ।
- फोहोरमैला व्यस्थापनको क्षेत्र विस्तार गरी गाउँ विकास कोषसँगको सहकार्यमा आधुनिक फोहोरमैला व्यवस्थापन उचित ठाउको खोजि गरिनेछ ।
- वातावरण संरक्षणका लागि परम्परागत पोखरी र चौपारीको संरक्षण र प्रवद्र्धन गरिनेछ ।
- बजार क्षेत्रका नालीको नियमित मर्मत तथा सरसफाईका लागि विशेष ध्यान दिइनेछ ।
- विपद् जोखिम न्यूनिकरण, विपद्को पूर्वतयारी, व्यवस्थापन र उद्धारका लागि विपद् व्यवस्थापन कोषलाई प्रभावकारी बनाइने छ ।
- सार्बजनिक सम्पति जस्तै ऐलानी, प्रति, गौचरण नदि इत्यादीको अतिक्रमण रोकी उचित संरक्षण गरिनेछ ।

**वित्तीय व्यवस्थापन तथा सुशासन**

- स्थानीय सरकारको सेवाप्रवाह पारदर्शी तथा जवाफदेही बनाइने छ ।
- वेरुजु न्युनिकरण गरिनेछ ।

- राजश्वका सम्भावित क्षेत्रहरु पहिचान गरिनेछ ।

**संस्थागत विकास तथा सेवा प्रवाह क्षेत्र**

- गाउँ तथा सबै वडाहरुमा सूचना प्रविधिको उपयोग गरी समन्वयात्मक तथा कम खर्चिलो तवरले स्थानीय तहका दैनिक प्रशासनिक अभिलेखहरुलाई आधिकारिक तथ्याङ्कका रुपमा प्रयोग गर्न सकिने व्यवस्था गरिनेछ ।
- सवै वडामा व्यक्तिगत घटना दर्ता अनलाइन प्रणालीबाट गरी प्रादेशिक तथा केन्द्रीय निकायमा नियमित रुपमा विवरण पठाउने व्यवस्था गरिनेछ ।
- स्थानीय तहमा सेवारत जनशक्तिको मनोवल उच्च राख्ने, बृत्ति विकासका अवसर प्रदान गर्न साविक स्थानीय तह कर्मचारी समायोजन ऐन' जारी गरिनेछ ।
- गाउँपालिकामा कार्यरत कर्मचारीहरुको कार्य चापलाई मध्य नजर गर्दै खाईपाई आएको तलब बाहेक अतिरिक्त भत्ताको व्यवस्था गरेको छु ।
- स्थानीय तहको शासन र प्रशासनिक संयन्त्रलाई समावेशी, सेवामुखी, स्तरीय, विधिसम्मत र जनतामैत्री बनाउने लक्ष्य लिएको छ । सरकारी सेवाप्रदायक निकायमा दक्षता , जवाफदेहिता, पारदर्शिता, प्रभावकारिता र भ्रष्टाचारमुक्त शासन सुनिश्चित गर्ने नीति लिइनेछ । जनताको गुनासो सुनुवाई संयन्त्रको निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- जेष्ठ नागरिक, अपांगता भएको व्यक्ति , एकल महिला, लोपोन्मुख आदिवासी जनजातिलाई प्रदान गरिने सामाजिक सुरक्षा भत्ता समयमा सहज रुपमा प्रदान गर्नको लागि पारदर्शी र जवाफदेही वितरण प्रणाली अपनाउनेछ । जेष्ठ नागरिकहरुको ज्ञान तथा अनुभवको उपयोग गर्दै उनिहरुको सम्मानित जीवनयापनको लागि आवश्यक व्यवस्था गरिनेछ ।
- सबै सार्वजनिक पूर्वाधारहरु अपाङ्गमैत्री प्रविधि राखी निर्माण गर्नुपर्ने मापदण्ड जारी गरी कार्यान्वयनको अनुगमन गरिनेछ ।
- करका दरहरु न्युन गरी करका दायरा विस्तार गरिनेछ । समयमै कर तिरौ , सम्वृद्ध बसबरिया निर्माणमा सहयोग गरौ भन्ने नारालाई राजस्व परिचालनको नारा वनाईनेछ । जनताले तिरेको करलाई जनताको अधिकतम हितको लागि उपयोग गरिनेछ । राजस्व बढी उठाउने वडालाई पुरस्कृत गरिनेछ ।
- करका प्रशासनिक प्रक्रियाहरु सरल हुनेछन् । कर प्रशासनलाइ आधुनिक सूचना प्रविधिको पूर्ण उपयोग गरी स्वचालित प्रणालीमा आवद्ध गरिनेछ । कर छली र चुहावट रोक्न शून्य सहनशीलताको नीति लिइनेछ ।
- गाउँपालिकाको वस्तुगत तथ्यांक अद्यावधिक गर्दै लगिनेछ । सडक सञ्जाल तथा सार्वजनिक श्रोत उपयोगको क्षेत्रको गुरुयोजना वनाई आवधिक योजना निर्माण गर्ने तर्फ कार्यक्रम सञ्चालन गरिनेछ ।

- गाउँपालिका क्षेत्रको हालसाविक नापीको प्रक्रिया अगाडि बढाइनेछ  साथै प्रत्येक जग्गा धनिलाई लालपुर्जा प्रमाण दिने व्यवस्था मिलाउने छ ।
- सामाजिक परीक्षण, नागरिक बडापत्रलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ ।
- योजनाहरुको प्रभावकारी कार्यान्वयनका लागि अनुगमनको प्रबन्ध मिलाइनेछ ।
- बजार अनुगमनलाई प्रभावकारी बनाई बस्तु र सेवाको गुणस्तर, मूल्य नियन्त्रण, कृत्रिम अभाव र कालो बजारी नियन्त्रणलाई प्रभावकारी बनाइनेछ ।
- सबै वडामा वडा स्तरीय र पालिकामा गाउँपालिका स्तरीय सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिनेछ ।
- वडा नं. १ र २ तथा वडा नं. ४,५ र ६ लाई मध्येनजर राखी वडा नं १ र ५ मा रास्ट्रिय बाणिज्य बैंक सित मान्यता प्राप्त बैंक संचालन गर्न सम्वन्धित निकाय संग आबश्यक पहल गरिनेछ ।

**खानेपानी, सिंचाई**

- गाउँ खानेपानीको व्यवस्थापन र सञ्चालन खानेपानी बोर्ड गठन गरी  गाउँ क्षेत्रको खानेपानी व्यवस्थापनमा देखिएको समस्यालाई समाधान गर्न विशेष पहल गरिनेछ ।
- आधारभूत खानेपानीको पहुँच नपुगेका घरमा खानेपानी उपलब्ध गराउन  'एक घर, एक धारा' अभियानलाई सुरु गरिनेछ।
- बसबरिया वडा नं. ५ धनगढ़ामा निर्माणाधिन खानेपानी आयोजना यसै वर्ष सञ्चालनमा ल्याइनेछ ।
- लामो समयदेखि सम्पन्न नभएका योजनालाई सम्पन्न गर्न पहल गरिनेछ । पुराना आयोजनाको मर्मत सम्भार गरिनेछ ।
- सिंचाई सुविधा नपुगेका खेतीयोग्य जमिनमा सिंचाई सेवा उपलब्ध गराउनेगरी कार्य आरम्भ गरिनेछ ।

**श्रद्धेय अध्यक्ष महोदय,**

हाम्रा आवश्यकताहरु असिमित छन, तर स्रोत र साधनहरु सिमित छन । सिमित स्रोत र साधनबाट समग्र बसबरिया बासीको चाहना र विकासलाई सम्बोधन गर्न आफैमा चूनौतिपूर्ण छ । त्यसैले सिमित स्रोत र साधनलाई प्राथमिकता पूर्वक परिचालन गरी अधिकतम जनसहभागिता, सहकार्य तथा साझेदारीमा विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने हाम्रो आवश्यकता र वाध्यता रहेको छ । यस तर्फ सम्पुर्ण सदस्य ज्यूहरुको सहयोग र सहकार्यको पूर्ण सहयोगको आशा लिएको छु ।

वजेट निर्माण कार्यमा अहोरात्र खटिनुहुने वजेट तथा कार्यक्रम तर्जुमा समितका सदस्य ज्युहरु  , राजस्व परामर्श समितिका सदस्य ज्यूहरु , श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिका अध्यक्ष एवं सदस्य ज्यूहरु लगायत सम्पुर्ण राष्ट्रसेवक कर्मचारी मित्रहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

२०७९ अषाढ १० गते **सरिता कुमारी**

**गाउँपालिका उपाध्यक्ष**